# कृष्णपुर नगरपालिकाको विनियोजन ऐन, २०८०

कृष्णपुर नगरपालिका कंचनपुरको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना:

कृष्णपुर नगरपालिका, कंचनपुरको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकाले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कृष्णपुर नगरपालिका, कंचनपुरको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनेको नाम कृष्णपुर नगरपालिकाको विनियोजन विधेयक,२०८० रहेको छ ।

(२) यो ऐन २०८० श्रावण १ देखि प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार:

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,०४,१९,००,०००.०० मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को लागि नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेव र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ ।यसरी रकम सार्दा एक शीर्षकाट यो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तरा चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

# कृष्णपुर नगरपालिकाको आर्थिक ऐन, २०८०

## कृष्णपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कृष्णपुर नगरपालिकाको नगर सभाले यो ऐन स्वीकृत गरि लागु गरिएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "कृष्णपुर नगरपालिका आर्थिक ऐन, २०८०" रहेको छ ।

२) यो ऐन २०८० श्रावण १ गतेदेखि कृष्णपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

३) सम्पति कर र भुमीकर (मालपोत) : कृष्णपुर नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर÷ भुमीकर (मालपोत) घर जग्गा कर लगाई असूल उपर गरिनेछ ।

४) घर जग्गा बहाल कर : कृष्णपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाई असूल गरिनेछ ।

५) व्यवसाय दर्ता तथा नविकरण कर : कृष्णपुर नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर दर्ता तथा नविकरण शुल्क लगाई असूल गरिनेछ ।

६) विविध सेवा दस्तुर : कृष्णपुर नगरपालिका क्षेत्र भित्र अनुसुची (४) बमोजिम सेवा दस्तुर लगाई असुल गरिनेछ ।

७) जडीबुटी, कवाडी र जीवजन्तु करः कृष्णपुर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबाफत अनुसूची (५) बमोजिम कर लगाई असूल गरिनेछ ।

८) सवारी साधन कर : कृष्णपुर नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९) विज्ञापन कर : कृष्णपुर नगरपालिका क्षेत्र भित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०)मनोरञ्जन करः कृष्णपुर नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसायमा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११) बहाल बिटौरी शुल्क : कृष्णपुर नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असूल गरिनेछ ।

१२) विभिन्न सेवा शुल्क तथा दस्तुर कर : कृष्णपुर नगरपालिका क्षेत्र भित्र अनुसुची १० बमोजिम विभिन्न सेवा शुल्क तथा दस्तुर लगाई असुल गरिनेछ ।

१३) व्यवसायी इजाजत पत्र : कृष्णपुर नगरपालिकाले अनुसुची ११ बमोजिम (घ) वर्गको निर्माण व्यवसाय इजाजत पत्र दर्ता तथा नविकरण शुल्क लगाई असुल गरिनेछ ।

१४) कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । र अन्य विषय अनुसुची १२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

१५) प्राकृतिक स्रोत कर : यस नगरपालिका क्षेत्र भित्र नदि तथा खोलाबाट ढुंगा, गिट्टी, बालुवा माटो आदि वस्तुको र सार्वजनिक ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी दहत्तर बहत्तरको अनुसुची १३ बमोजिम बिक्री गरि आय संकलन गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानुन बमोजिम हुनेछ ।

१६) विविध : कृष्णपुर नगरपालिका क्षेत्रभित्र विविध विषयमा अनुसुची १४ मा व्यवस्था भए बमोजिम ठेक्का बन्दोबस्त गर्ने, कर लगाउने, मिनाह÷सहुलियत दिने तथा प्रोत्साहन रकम उपलब्ध गराउने छ ।

१७) सामुदायिक वनबाट प्राप्त आय : कृष्णपुर नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले आफ्नो वन पैदावार बिक्रि गरेमा बिक्रि रकमको १० प्रतिशतका दरले हुन आउने रकम यस नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

१८) दर घटाउन, बढाउन वा छुट दिन सक्ने : यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि कृष्णपुर नगरपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाएका दस्तुर, शुल्क, महसुल आंशिक वा पुर्ण रुपमा छुट दिन सक्नेछ ।

१९) कर तथा शुल्क संकलन सम्बन्धि नियमावली एवम् कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन गर्न नगरपालिकाले आवश्यक नियमावली एवम् कार्यविधि बनाई लागु गर्नेछ ।

२०) यस ऐनमा उल्लेख भएका कार्य यसै बमोजिम हुने र उल्लेख नभएका वा छुट हुन गएका विषयको हकमा साविक बमोजिम हुनेछ अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची १**

**(दफा ३ संग सम्बन्धित)**

| समुह | दर रेटको नाम | मुल्यांकनको दर रु. (प्रति वर्ग मिटर) |
|---|---|---|
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं.२,५,६,७ हाल वार्ड नं. २,५,६ राजमार्ग संग जोडिएको जग्गा र पक्कि रोडमा पर्ने | ३८०० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. ६ हाल वार्ड नं. ५ को पक्कि रोडमा पर्ने जग्गा | ३४०० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | गुलरिया बजार पूर्व राजमार्ग छोएको र पक्कि रोडमा पर्ने जग्गा | ३००० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. २,४,५,६,८ हाल वार्ड नं. २,४,५,६ राजमार्ग भित्री पक्कि रोडमा पर्ने जग्गा | १००० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. २,४,५,६,८ हाल वार्ड नं. २,४,५,६ राजमार्ग भित्री ग्राईबेल रोडमा पर्ने जग्गा | ७०० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. २,४,५,६,८ हाल वार्ड नं. २,४,५,६ राजमार्ग भित्री कच्ची रोडमा पर्ने जग्गा | ५०० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. २,४,५,६,८ हाल वार्ड नं. २,४,५,६ राजमार्ग भित्री खेति प्रयोजनको जग्गा | २२० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. १,३,७,९ हाल वार्ड नं. १,४,६ पक्कि रोडमा पर्ने जग्गा | ९०० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. १,३,७,९ हाल वार्ड नं. १,४,६ ग्राईबेल रोडमा पर्ने जग्गा | ५५० |
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. १,३,७,९ हाल वार्ड नं. १,४,६ कच्ची रोडमा पर्ने जग्गा | ४५० |

| | | |
|---|---|---|
| कृष्णपुर न.पा.- साबिक कृष्णपुर | साबिक कृष्णपुर वडा नं. १,३,७,९ हाल वार्ड नं. १,४,६ खेति प्रयोजनको जग्गा | १८५ |
| कृष्णपुर न.पा.- साबिक देखतभुली | साविक देखतभुली वाड नं.९ पक्कि रोडमा पर्ने जग्गा | ८५० |
| कृष्णपुर न.पा.- साबिक देखतभुली | साविक देखतभुली वाड नं.९ ग्राईबेल रोडमा पर्ने जग्गा | ६०० |
| कृष्णपुर न.पा.- साबिक देखतभुली | साविक देखतभुली वाड नं.९ कच्ची रोडमा पर्ने जग्गा | ४५० |
| कृष्णपुर न.पा.- साबिक देखतभुली | साविक देखतभुली वाड नं.९ अन्य घरेडी | ३५० |
| कृष्णपुर न.पा.- साबिक देखतभुली | साविक देखतभुली वाड नं.९ खेति योजनको जग्गा | २०० |
| कृष्णपुर न.पा.- साबिक रैकबार बिचवा | कृष्णपुर वडा नं. ७,८,९ पक्कि रोडमा पर्ने जग्गा | ६०० |
| कृष्णपुर न.पा.- साबिक रैकबार बिचवा | कृष्णपुर वडा नं. ७,८,९ ग्राईबेल रोडमा पर्ने जग्गा | ५०० |
| कृष्णपुर न.पा.- साबिक रैकबार बिचवा | कृष्णपुर वडा नं. ७,८,९ कच्ची रोडमा पर्ने जग्गा | ४०० |
| कृष्णपुर न.पा.- साबिक रैकबार बिचवा | कृष्णपुर वडा नं. ७,८,९ अन्य घरेडी | ३०० |
| कृष्णपुर न.पा.- साबिक रैकबार बिचवा | कृष्णपुर वडा नं. ७,८,९ खेति प्रयोजनको जग्गा | १८५ |

## सम्पत्ति कर

- सम्पत्ति कर आ.बर्ष २०८०/०८१ सम्पत्ति करको दर १ लाख देखि १० लाख सम्म एकमुष्ठ रु. ५०/- र १० लाख भन्दा माथि मुल्यांकनको अवस्थामा प्रति हजारमा ५ पैसा (०.००५) को दरले सम्पत्ति कर लाग्नेछ ।
- चालु आर्थिक बर्षको पौष मसान्त सम्ममा लाभग्राहीहरु सम्पत्ति कर तिर्न आएमा करमा १० प्रतिशत छुट दिईने छ ।
- सम्पत्ति करको जरिवाना सुरुको बर्ष नाघेमा सम्पत्ति करमा १० प्रतिशतले लिईने ।
- सम्पत्ति करको जरिवाना सुरुको दोश्रो बर्ष नाघेमा सम्पत्ति करमा १५ प्रतिशतले लिईने ।
- सम्पत्ति करको जरिवाना सुरुको तेश्रो बर्ष वा सो भन्दा बढी नाघेमा सम्पत्ति करमा २० प्रतिशतले लिईने ।
- सम्पत्ति कर न्युनतम रु ५०/- लिईने छ ।

## मालपोत

- महेन्द्रराजमार्ग संग जोडिएको कित्ताको जग्गाहरुको प्रति कट्टा रु.३०/-
- बजार क्षेत्र / आसपासको २०० मिटर सम्म बाटो संग जोडिएको आवासीय क्षेत्रको प्रति कट्टा रु २०/- र बाटो संग नजोडिएको प्रति कट्टा रु १५/- लिईने ।
- ग्रामिण क्षेत्रमा रहेको जग्गा प्रति कट्टा रु १०/- लिईने ।
- मालपोत न्युनतम रु.२०/- लिईने छ ।

नोटः गत आर्थिक बर्षहरुको सम्पत्ति कर र मालपोतको हकमा माथि उल्लेखित दरहरु नै कायम गरिएको छ ।

## संरचना मुल्यांकन दर रेटको सुची

| सि.नं. | घरको बनौट | दर (प्रति वर्ग फुट) |
|---|---|---|
| १. | इट्टा/ ढुंगामा सिमेन्ट प्लास्टर गरि पिल्लर सहितको RCC वा RBC छाना ढलान गरेको | २१००/- |
| २. | इट्टा/ ढुंगामा सिमेन्ट प्लास्टर गरि पिल्लर (load bearing) को पक्कि लेन्टर भएको | १६५०/- |
| ३. | इट्टा/ ढुंगामा सिमेन्ट प्लास्टर र जस्ता/झिगाडी/टायलको छाना भएको | ६५०/- |

| | | |
|---|---|---|
| ४. | इट्टामा माटोको जोडाइ/ काठ बाट बनेको र जस्ता/झिगाडी/टायलको छाना भएको | ५२५/- |
| ५. | स्टील फ्रेम स्टकचर,फविडटस, फाईबर वा यस्तै संरचना | १३७५/- |
| ५ बर्ष देखि ३५ बर्ष सम्मको, मूल्यह्राश (१-५) मा ०.७८ का दरले हुने छ । | | |

**अनुसूची २**

**(दफा ४ संग सम्बन्धित)**

**घर/जग्गा बहाल करः**

कृष्णपुर नगरपालिका क्षेत्र भित्र सबै संस्थाको भवन, व्यक्तिको घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरीको प्रथम पक्ष र दोश्रो पक्षबिच सम्झौता गरे आनुरूप रकमको १०% बहाल कर लिईनेछ ।

**अनुसूची ३**

**(दफा ५ संग सम्बन्धित)**

| व्यवसाय कर<br>**क. कृष्णपुर नगरपालिका मुख्य बजार केन्द्र र सो आशपाशका क्षेत्रमा रहेका अस्थायी टहरा र फडवाट निम्नानुसार वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने ।** | | |
|---|---|---|
| **सि. नं.** | **राजस्वको क्षेत्रहरु** | **दर रु.** |
| १. | खाना खाने होटेल र लज | ८०० |
| २. | चिया नास्ता होटल | ६०० |
| ३. | खुद्रा अन्य पसल | ६०० |
| ४. | व्यवसाय सिफारिस | २०० |

*नोट : खुल्ला स्थान व्यापार गर्ने र नगरपालिका क्षेत्र भित्र वातावरण प्रदुषण हुनुका साथै यातायात आवत जावत असर पार्न सक्छ भन्ने कुरा नगरपालिकालाई लागेमा त्यस्तो स्थानबाट व्यापार गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।*

| **कृष्णपुर नगरपालिका मुख्य बजार केन्द्र र सो आसपासका अन्य ग्रामीण सेवामा टहरा र फडबाट निम्नानुसार वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने ।** | | |
|---|---|---|
| **सि. नं.** | **राजस्वको क्षेत्रहरु** | **दर रु.** |
| १. | नास्ता होटल | ३०० |
| २. | किराना पसल | ५०० |
| ३. | खाना खाने होटेल | ५०० |
| ४. | मिठाई पसल | ५०० |
| ५. | रेडीमेड कपडा पसल | ९०० |
| ६. | सिफारिस दस्तुर | २०० |

*नोट : खुल्ला स्थानमा पार गर्ने र नगरपालिका क्षेत्र भित्र टहरा, फडमा व्यापार व्यवसाय गर्दा वातावरण प्रदूषण एवं आत जावतमा असर पार्ने नगरपालिकालाई त्यस्तो स्थानमा व्यापार व्यवसाय गर्न नगरपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।*

| **पर्यटकीय होटलको व्यवसायमा निम्नानुसार व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने** | | |
|---|---|---|
| १. | पाँच तारे होटल | ३०००० |
| २. | चार तारे होटल | २५००० |
| ३. | तीन तारे होटल | १५००० |
| ४. | दुई तारे होटल | १०००० |
| ५. | एक तारे होटल | ७००० |

| होटलमा निम्नानुसारको वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने | | |
|---|---|---|
| १. | होटल क्यासिनो संचालन गरेमा | ३०००० |
| २. | दोहोरी साझ एण्ड रेष्टुरेन्ट | २०००० |

*नोटः क श्रेणीको स्थान भन्नाले नगरपालिका मुख्य बजार केन्द्र गुलरिया, बैंक सो बाहेक अन्य स्थान ख श्रेणीमा पर्ने*

| रेष्टुरा, हलवाई, चिया पसलमा वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर निम्नानुसार लिने । | | |
|---|---|---|
| १. | मिठाइ पसल (ठूलो) (क) | १५०० |
| २. | चिया, चाउमिन जस्ता शाकाहारी नास्ता समेतको मिठाइको पसल (क) | १००० |
| ३. | ग्रामीण क्षेत्रका चिया, चाउमिन जस्ता शाकाहारी मारता र मिठाइको पसल (ख) | ५०० |
| ४. | चिया र सामान्य नास्ता पसल ग्रामीण क्षेत्र) (ख) | ३०० |
| **व्यापारिक वस्तु**<br>**क. पेट्रोलियम पदार्थको व्यवसायमा निम्नानुसारको वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने ।** | | |
| १. | पेट्रोल बिक्रि (पम्प डिपो ) | १४००० |
| २. | मट्टीतेल मात्रको विक्री पसल | ५००० |
| *नोट :- पेट्रोलियम पदार्थको डिपोका लागि नया अनुमति दिदा बजार क्षेत्र देखि बाहिर हुनुपर्ने व्यवस्था मिलाउन उपयुक्त हुनेछ* | | |
| **निम्नानुसार व्यवसायमा वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने ।** | | |
| १ | चुरोट, बिडीजन्य धुम्रपान एजेन्सी | ४५०० |
| २ | साबुन एजेन्सी | १५०० |
| ३ | बिस्कुट एजेन्सी | १५०० |
| ४ | टायर एजेन्सी | ३००० |
| ५ | प्लाष्टिक भांडा आदिको एजेन्सी चाउचाउ एजेन्सी | २००० |
| ६ | चाउचाउ एजेन्सी | १५०० |
| ७. | एजेन्सीमा पर प्रति एजेन्सीको | १५०० |
| ८. | स्वदेशी, विदेशी कपडा तथा अन्य सामानको चोक पसल | २५०० |
| ९. | इलेक्ट्रोनिक पसल | १५०० |
| १०. | स्वदेशी विदेशी तयारी फैल्सि कपडा पसल | १५०० |
| ११. | श्रृंगारको सामानको ठुलो पसल | १५०० |
| १२. | श्रृंगारको सामानको मध्यम पसल | ४०० |
| १३. | स्टेशनरि व्यवसाय पसल | १५०० |
| १४. | साइकल बिकी पसल | २००० |
| १५. | मोटरसाइकलको एजेन्सी तथा सर्भिस सेन्टर समेत | ४००० |
| १६. | मोटरसाइकल एक्सचेन्ज गर्ने व्यवसाय | ३००० |
| १७. | साधारण कपडा पसल | ६०० |
| १८. | मोबाईल सेट विकी पसल | ५०० |
| १९. | मोटरसाइकल पाटर्स बिकी पसल | १५०० |
| २०. | बस, ट्रक, जिप, टयाक्टर बिकी पसल तथा सर्भिस सेन्टर समेत | ७००० |
| २१. | बस, ट्रक, जिप, टयाक्टर पार्टसको बिकि पसल | ६००० |
| २२. | नाप तौलको ढक तराजु बिकी पसल | १५०० |
| २३. | भाडा वर्तन पसल | १५०० |
| २४. | प्लाष्टीकको भाडा वर्तन बिकी पसल | १००० |

| | | |
|---|---|---|
| २५ | . कृषि कार्यका लागी सानो पावर टिलर एजेन्सी | ३००० |
| २६. | इलेक्ट्रिक रिक्सा एजेन्सी | २५०० |
| २७. | कम्प्युटर विकि पसल | ३५०० |
| २८. | स्टेशनरि र छापाखाना समेतको पसल पत्रिका मात्रको पसल | २५०० |
| २९. | पत्रिका मात्रको पसल | ५०० |
| ३०. | पेन्टको एजेन्सी | २५०० |
| **निर्माण सामग्री, हार्डवेयर, सिसा, फ्रेम, विद्युत समान बिकी पसलमा निम्नानुसार वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने ।** | | |
| १. | हार्डवेयर पसल (शहरी क्षेत्र) | २००० |
| २. | हार्डवेयर पसल (ग्रामीण क्षेत्र) | १२०० |
| ३. | सिसा तथा सिसा फ्रेम पसल | ७०० |
| ४. | विद्युत सामग्री र ईलेक्ट्रिक सामानका पसल | ७०० |
| ५. | खानेपानी धारा सम्बन्धि सामान मात्राको पसल | ८०० |
| ६. | पेन्ट मात्रको पसल | ११०० |
| ७ | होमडेकोरेशन व्यवसाय दर्ता | २००० |
| ८. | होमडेकोरेशन व्यवसाय नविकरण | १००० |
| **किराना/ भाडा पसलमा निम्नानुसार वार्षिक व्यवसाय दर्ता तथा नवीकरण दस्तुर लिने ।** | | |
| १. | किराना पसल (शहरी क्षेत्र) | १००० |
| २. | ग्रामीण क्षेत्रको किराना पसल | ७०० |
| ३. | भाडा तथा त्यस्तै प्रकृतिका अन्य सामानहरुको पसलमा | ७०० |
| **खाद्यान्न खरिद बिकी पसलमा निम्नानुसार वार्षिक व्यवसाय दर्ता तथा नविकरण दस्तुर लिने ।** | | |
| १. | बजारमा गद्दी राखी गोदाम गर्ने व्यवसाय | ३००० |
| २. | फुटकर खाद्यान खरिद बिकी व्यवसाय | १३५० |
| ३. | ग्रामीण क्षेत्रमा गल्ला खरिद गोदाम राख्ने व्यवसाय | १२०० |
| ४. | ग्रामीण क्षेत्रको खरिद काटा वाला व्यवसाय | ७०० |
| **निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसाय दत्ता तथा नविकरण दस्तुर निम्नानुसार लिने ।** | | |
| १. | टेलिभिजन लगायत इलेक्ट्रोनिक सामानको पसल | १५०० |
| २. | क्यासेट रिकर्डर तथा प्लेयर पसल | ११०० |
| ३. | डिस नाइनको केवल व्यवसाय डिस होम वा केवल व्यवसाय | ४५०० |
| ४. | काठ मात्रको फनिचर विक्री व्यवसाय | ३००० |
| ५. | काठ समेत अन्य प्रकारका सोफासेट, दराज र फनिचर विकी पसल | २००० |
| ६. | ना जुत्ता चप्पल एवं अन्य प्रकारका जुत्ता पसल | ११०० |
| ७. | मार्बल /स्लेट मात्रको पसल | २००० |
| ८. | मल खाद बिउ बिजन र किटनाषक औषधी बिकी पसल | १५०० |
| ९. | तरकारी पसल | ५५० |
| १०. | सिरक डसना बनाउने पसल (विदेशी) | ११०० |
| ११. | सिरक डसना बनाउने पसल (स्वदेशी) | ५५० |
| १२. | मंदिरा कम्पनी | २५००० |

| | | |
|---|---|---|
| १३. | मंदिरा वितरक | १०००० |
| १४. | मंदिरा थोक तथा रिटेल काटुन खोली व्यवसाय | ७००० |
| १५. | विक्री खोली मंदिरा पसल | ४००० |
| १६. | कवाड संकलन गर्ने बावसाय दर्ता | ५००० |
| १७. | कवाड संकलन गर्ने व्यवसाय नविकरण | २५०० |
| **उत्पादनमूलक उद्योगमा**<br>**क.औद्योगिक कारखाना तथा उद्योगहरुबाट निम्नानुसारको वार्षिक व्यवसाय कर तथा नविकरण दस्तुर लिने ।** | | |
| १. | बालुवा सहितको प्रशोधन उद्योग | ५००० |
| २. | सुति, गुखा तथा सुर्तिजन्य पदार्थका उद्योग | १०००० |
| ३ | चामल, तेल, पिठो, दाल, सेंसर मिल | ५००० |
| ४ | चामल, तेल, पिठो, दाल, सेलर मिल (ग्रामीण क्षेत्र) | १००० |
| ५ | ग्रामीण क्षेत्रमा पम्पसेटबाट बन्ने मिल | ५०० |
| ६. | काठ चिरान मिल | ७५०० |
| ७. | फर्निचर काठ चिरान मिल | ७५०० |
| ८. | सिमेण्ट रोडी र बालुवा प्रयोग गरी हयुमपाईप, पिलरपोल आदि बनाउने उद्योग | ७००० |
| ९. | सिमेण्ट रोडी, बालुवा प्रयोग गरि रिड, खुटा, ब्लक, गमला आदी बनाउने उद्योग | ५००० |
| १० | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्न उद्योग | ५००० |
| ११ | पाउरोटी, सर्पत, तथा पापड बनाउने उद्योग | ६०० |
| १२. | गारमेन्ट तयारी पोशाक उद्योग | २००० |
| १३. | फिक्स चिम्नीको ईटाभट्टा उद्योग | २०००० |
| १४. | इटा भट्टा उद्योग | २०००० |
| १५. | चिम्नीको ईटा भट्टा उद्योग | ५३००० |
| १६. | स्वीकृती प्राप्त खष्टा टायल भट्टा उद्योग | ५००० |
| १७. | आवसक्रिम बरफ उत्पादन उद्योग | १५०० |
| १८. | मोमबत्ती उत्पादन उद्योग | ६०० |
| १९ | साबुन सोडा उत्पादन उद्योग | ६०० |
| २०. | चकलेट, टीफि उत्पादन उद्योग | ६०० |
| २१. | चाउमिन उत्पादन उद्योग | १००० |
| २२. | छालाका जुत्ता चप्पल बनाउने उद्योग | १६०० |
| २३. | टिनका फर्निचर, सोफा, दराज बनाउने उद्योग | ३००० |
| २४. | वयलगाडा बनाउने उद्योग | ६०० |
| २५. | काठको गिलास, ठेकी बनाउने उद्योग | ६०० |
| २६. | भाडावर्तन बनाउने उद्योग | ११०० |
| २७. | गलैचा, होजियारी उद्योग | १००० |
| २८. | अगरबत्ती उद्योग | ६०० |
| २९. | नमकीन, दालमोठ आदि बनाउने उद्योग | ७०० |
| ३०. | खाना पकाउने एलपि गेम फिल गर्ने उद्योग | २०००० |
| ३१. | स्टिलका फोनवर बनाउने उद्योग | ७००० |
| ३२. | ग्रिल/ सटर बनाउने उद्योग | २००० |

| | | |
|---|---|---|
| ३३. | सोलार पावर व्यवसाय उद्योग | २००० |
| ३४. | मसला उद्योग | १५०० |
| ३५ | दुना टपरी बनाउने उद्योग | ५०० |
| ३६. | जुत्ता चप्पल बनाउने उद्योग | १००० |
| ३७ | गारमेन्ट उद्योग (ठुला) | ८००० |
| ३८. | गारमेन्ट उद्योग (मझोला) | ६००० |
| ३९. | गारमेन्ट उद्योग (साना) | ४००० |
| ४०. | चुरापोते उद्योग दर्ता | २५०० |
| ४१. | चुरापोते उद्योग नविकरण | १५०० |
| ४२ | तामाका भाडा आदि बनाउने/ बिक्रि गर्ने उद्योग दर्ता | २००० |
| ४३. | तामाका भाडा आदि बनाउने/ बिक्रि गर्ने उद्योग नविकरण | १००० |
| ४४. | ढुङ्गा, बालुवा गिट्टि को प्रयोग गरि ब्लक, रलिंङ, पोल आदि उत्पादन/ बिक्रि गर्ने उद्योग दर्ता | ३५०० |
| ४५ | ढुङ्गा, बालुवा गिट्टि को प्रयोग गरि ब्लक, रलिंङ, पोल आदि उत्पादन/ बिक्रि गर्ने उद्योग नविकरण | १७५० |
| ४६. | बोट विरुवा फुल उत्पादन गर्ने व्यवसाय दर्ता | २५००० |
| ४७. | बोट विरुवा फुल उत्पादन गर्ने व्यवसाय नविकरण | १५००० |
| ख. मर्मत सम्भार सेवा सम्बन्धी निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसाय दर्ता तथा नविकरण निम्नानुसार लिने। | | |
| १. | बस, ट्रक, जिप, टयाक्टर मर्मत पसल | २००० |
| २. | मोटर साइकल मर्मत पसल | ११०० |
| ३. | कम्प्यूटर मर्मत पसल | १२०० |
| ४. | रिक्सा साइकल मर्मत पसल | ६०० |
| ५. | ब्याट्री चार्ज समेतको पसल | ६०० |
| ६. | खराद मसिन पसल | २००० |
| ७. | गेस मसिन पसल | १००० |
| ८. | ब्याट्री चार्ज पसल | ६०० |
| ९. | गैस सिलेण्डर बिक्री पसल | १२०० |
| १०. | घडि मर्मत पसल | ६०० |
| ११. | टि.भी., भि.सि. आर. भि.सि.पि. रेडीयो मर्मत पसल | ६०० |
| १२. | रेडियो मर्मत पसल | ६०० |
| १३. | मोबाईल मर्मत पसल | ६०० |
| १४. | छाता, टच, गेस र सिलाई मसिन मर्मत पसल | ३०० |
| १५. | विद्युत सामग्री, मोटर, पंखा र टेलिफोन समेतको मर्मत पसल | १००० |
| १६. | खोकामा जुत्ता चप्पल मर्मत गर्ने | ३०० |
| १७. | संटरिंग व्यवसाय पसल | ३००० |
| १८. | टायर मर्मत पसल | ११०० |

**अनुसूची ४**

**(दफा ६ संग सम्बन्धित)**

**निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको दस्तुर लिने ।**

| सि.नं. | राजस्वको क्षेत्रहरु | दर रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १. | चौहदी प्रमाणित दस्तुर ( महेन्द्र राजमार्गसंग जोडिएको सो आशपाश १ कि.मि. भित्रको ) | १००० |
| २. | माथि सि.नं. १ मा उल्लेख बाहेक अन्य क्षेत्रको चौहदी प्रमाणित दस्तुर | ५०० |
| ३. | साधारण सिफारिश | १०० |
| ४. | मुद्दा सम्बन्धि सिफारिश | २५० |
| ५. | बंशजको नाताले नागरिकता सिफारिश | ११० |
| ६. | जन्मसिद्ध नाताले नागरिकता सिफारिश | २००० |
| ७. | बैवाहिक अंगिकृत नागरिकता सिफारिश | ३००० |
| ८. | अंगिकृत नागरिकता सिफारिश | १०००० |
| ९. | नागरिकता प्रतिलिपि प्रमाणित दस्तुर | १०० |
| १०. | नाबालक सिफारिश | १०० |
| ११. | अंसीयार/सगोल/अंशबन्डा दाखिला खारेज सिफारिश | ५०० |
| १२. | विवाहित/ अविवाहित प्रमाणित | ५० |
| १३. | जन्म मिति प्रमाणित | ५० |
| १४. | घटना दर्ता (कानुनले लिनुपर्ने अवस्थामा) | २०० |
| १५. | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर | ५०० |
| १६. | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० |
| १७. | अंग्रेजीमा गरिने (बसोबास,जन्म,मृत्यु,विवाह,अविवाह,नाता प्रमाणित दस्तुर) | ५०० |
| १८. | बसोबास प्रमाणित दस्तुर | २०० |
| १९. | अस्थायी बसोबास प्रमाणित दस्तुर | ५०० |
| २०. | टेक्टरको भंसार छुट सम्बन्धि सिफारिश | १००० |
| २१. | पम्प्सेत्को भंसार छुट सम्बन्धि सिफारिश | २०० |
| २२. | चारा काट्ने मशिनको भंसार छुट सिफारिस | १२५ |
| २३. | बिधुत जडानको सिफारिस/ठाउँसारी/नामसारी | २०० |
| २४. | बिधुत जडानको सिफारिस संस्थागत | ५०० |
| २५. | बिधुत जडान उद्योग सिफारिस | १००० |
| २६. | कृषि औजार सम्बन्धि भन्सार छुट सिफारिस | २५० |
| २७. | टेलिफोन/ठाउँसारी/नामसारी सिफारिस दस्तुर | २५० |
| २८. | खानेपानी धारा जडान /ठाउँसारी/नामसारी सिफारिस | १५० |
| २९. | सार्बजनिक तेलिफोन सिफारिस | ३०० |
| ३०. | संचार ब्यवसायको सिफारिस | ३०० |
| ३१. | ब्यवसायको ठाउँसारी/नामसारी नाम परिवर्तन | ५०० |
| ३२. | गैर सरकारी संघ संस्था क्लब तथा समिति आदि सिफारिस | ५०० |
| ३३. | नाता प्रमाणित | १०० |
| ३४. | सर्जमिनका लागि (सबै प्रकार) | ५०० |

| | | |
|---|---|---|
| ३५. | कुकाठ सिफारिस | १००० |
| ३६. | अंग्रेजीमा (शीर्षक नखुलेको) सिफारिस | ३५० |
| ३७. | चरित्र सिफारिश | २५० |
| ३८. | | |
| ३९. | न.पा.क्षेत्रमा बिधुत पोल जडान गरे वाफत ने.वि.प्रा.बाट प्रति पोल रु.२०/ र ट्रान्सफोर्मरको प्रति बर्गफुट रू. १०\|- का दरले बार्षिक शुल्क लिने \| विधुत तार प्रति मिटर रू. ०.०१ पैसा लिने \| | |
| ४०. | व्यक्ति/ संस्थाले कुनै कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्दा लाग्ने दस्तुर | १००० |
| ४१. | बैंक प्रयोजनका लागि मात्र बाटो प्रमाणित प्रति कित्ता | २५० |
| ४२. | टेक्टरको भन्सार छुट सम्बन्धि भन्सार छुट सिफारिस | १००० |
| ४३. | पुम्पसेटको भन्सार छुट सम्बन्धि भन्सार छुट सिफारिस | ५०० |
| ४४. | कार्यक्रम event गराउने | २५०० |
| ४५. | न्यायिक समितिमा उजुरी दर्ता वाफत दर्ता दस्तुर | २०० |
| ४६. | बन कार्यालयको अनुमतिमा व्यक्तिगत रुपमा काठ, रुख काट्ने अनुमतिको सिफारिस | २०० |
| ४७. | न्यायिक समितिले अमिन फिल्ड खटाउदा विवादित पक्षले तिर्नुपर्ने | १००० |
| ४८. | बन्दुक नबिकरण | ८०० |
| ४९. | तमसुक प्रमाणित दस्तुर | ५०० |
| ५०. | नक्कल दस्तुर | १०० |
| ५१. | व्यवसाय प्रमाणपत्रको प्रतिलिपि | ३५० |
| ५२. | नेपाल खानेपानी संस्थाले पाईप लाईन बिछाए वाफत प्रति मीटर रु ०.५ पेशाका दरले मासिक सेवा शुल्क लिने | |
| ५३. | केबुल, डीस लाईनको प्रति मीटर रु. ०.५ पेशा लिने | |
| ५४. | नेपाल दुर संचार संस्थाले टेलिफोन लाईन तनेकोमा प्रति पोल बार्षिक रू.१०/- र केवल तारको प्रति मीटर ०.०१ पैशा मासिक एवं टेलिफोन क्याबिनेट बक्सको प्रति बक्स रु. २/- मासिक शुल्क लिने | |
| ५५. | घर बाटो प्रमाणित | |
| १. | राजमार्ग संग जोडिएको जग्गा | २५०० |
| २. | कालोपत्रे संग जोडिएको जग्गा | १५०० |
| ३. | ग्राबेल बाटो संग जोडिएको जग्गा | १००० |
| ४. | कच्ची बाटो संग जोडिएको जग्गा | ७०० |
| ५. | खेति प्रयोजनको जग्गा | ५०० |
| ६. | बकस पत्र/ अंशबन्डा गर्दा | १००० |
| नोटः- प्राकृतिक प्रकोपमा परेका,अनाथ,अशक्त,अपांगता भएका व्यक्तिहरुले सो सम्बन्धि सिफारिश माग गरेमा दस्तुर लाग्ने छैन \| | | |

<u>नक्शा पासमा निम्नानुसार दर लिने</u>

| बिभिन्न क्षेत्रहरु | राजमार्गसँगजोडिएको (प्रतिबर्ग फुट रु.) | राजमार्ग/कालोपत्रे सँग जोडिएको (प्रतिबर्ग फुट रु.) | भित्रि कालोपत्रे सँग जोडिएको (प्रतिबर्ग फुट रु.) | ग्राबेल सडक संग जोडिएको (प्रतिबर्ग फुट रु.) | कच्ची सडक संग जोडिएको (प्रतिबर्ग फुट रु.) |
|---|---|---|---|---|---|
| आवासीय भवन | ८ | ७ | ६ | ५ | ३ |
| ब्यापारिक भवन | १० | ९ | ८ | ७ | ५ |
| बिद्यालय(निजि) | १२ | ११ | १० | ९ | ८ |
| अपाटमेन्ट | २० | १८ | १६ | १४ | १२ |
| अन्य | १२ | १० | ९ | ८ | ७ |

नोटः २०७२ साल भन्दा पहिले निर्णय भएको घरहरुको सम्बन्धमा उपरोक्त बमोजिमको दर/रेट लिई प्रति बर्ष १५% थप दस्तुर लिई नगर कार्यपालिका/ नगर सभाको निर्णय आनुसार अभिलेखिकरण गर्न सकिनेछ ।

| नक्शा पासमा निम्नानुसार दस्तुर लिने | | दर रू. |
|---|---|---|
| १. | नक्शा पासको निबेदन किताब | १००० |
| २. | नक्शा नामसारी दस्तुर | ५०० |
| ३. | नक्शाको प्रतिलिपि प्रमाणित दस्तुर | ५०० |
| ४. | नक्शा पास  प्रतिलिपि प्रमाणित दस्तुर | ३०० |
| ५. | घर निर्माण सम्पन्न प्रमाण पत्र सिफारिस दस्तुर प्रतिलिपि | ५०० |

नोटः load bearing र trust structure को नक्शा पास गर्न माथि उल्लेखित दर रेटमा रू २ कम गरिनेछ भने न्यूनतम रू. २ प्रति वर्गफुट लिईनेछ ।

अनुसुची ५

(दफा ७ संग सम्बन्धित)

| सि.नं. | राजस्वको क्षेत्रहरु | इकाई | दर रु. | रु. |
|---|---|---|---|---|
| | उन प्राकृतिक तथा कृतिम जगर (प्रतिकिलोग्राम) | | ६ | |
| | राँगा, भैसि, गोरु (प्रति जिउ) | | २४० | |
| | बोका, भैसि,गोरु (प्रति जिउ) | | ६० | |
| | अन्य धातु (प्रति किलोग्राम) | | ६ | |
| | गैर धातु- खाली सिसि,बोतल, प्लास्टिक (प्रति किलोग्राम) | | १० | .८ |
| | खाली सिसि बियर | प्रति गोटा | १ | .२ |
| | खाली सिसि मदिरा र अन्य (५०० एम एल भन्दा माथि) | प्रति गोटा | | .६ |
| | खाली सिसि मदिरा र अन्य (५०० एम एल भन्दा तल) | प्रति गोटा | | .३६ |
| | प्लास्टिक (झोला र दुधको थैलो बाहेक) | प्रति के.जी. | ३ | .६ |
| खाली बोरा | | | | |
| | १०० के.जी. खाध्यान अट्ने जुटका बोरा | | १ | .२ |
| | ५० के.जी. खाध्यान अट्ने जुटका बोरा | | | .६ |

| | | | | |
|---|---|---|---|---|
| | ५० के.जी. भन्दा बढी खाध्यान अट्ने जुटका बोरा | | | .६ |
| तेलको टिन | | | | |
| | ठुलो १० लि. भन्दा बढी अट्ने | प्रति के.जी. | १ | .२ |
| | ठुलो १० लि. भन्दा कम अट्ने | प्रति के.जी. | | .६ |
| हल्का पेय पदार्थ खाली सिसि | | | | |
| | ५०० एम एल भन्दा माथि | | | |
| | ५०० एम एल भन्दा तल | | | |
| पुराना कागज | | | | |
| | अखबार रद्दी र गत्ता समेत | | | |
| | अन्य कागज | | | |
| धातुका कबाडी समानहरु | | | | |
| | फलाम | प्रति के.जी. | ४ | .८ |
| | अन्य धातुका (पित्तल तामा) आदि | प्रति के.जी. | ५ | .६ |
| | पोलिथिन पाईपका टुक्राहरु | प्रति के.जी. | ४ | .६ |
| | परालबाट बनेका पुरानो समान वा पराल | प्रति के.जी. | | .६ |
| | सिसा (लिड) को धुलो र टुक्रा | प्रति के.जी. | ३ | .६ |
| | जस्तापाता | प्रति के.जी. | १४ | .४ |
| | जस्ताको धुलो | प्रति के.जी. | ६ | |
| | झिन्डु (उनको टुक्रा) | प्रति के.जी. | २ | .४ |
| | पुरानो ब्याट्री | प्रति के.जी. | १४ | .४ |
| | गार्मेन्टको कपडाको टुक्रा | प्रति के.जी. | २ | .४ |
| | जलेको मोबिल | प्रति लि. | ३ | .६ |
| | जुट र प्लास्टिकका पुनः प्रयोग हुन नसक्ने बोराहरू | प्रति के.जी. | १ | .२ |
| | कार्पेटका टुक्राहरू | प्रति के.जी. | २ | .४ |
| | टायर ट्युब | प्रति के.जी. | २ | .४ |
| | थोत्रो टिन | प्रति के.जी. | २ | .४ |
| | पुरानो ड्रम | प्रति के.जी. | ३ | .६ |
| | पुरानो टायर ट्युब (साईकलको) | प्रति के.जी. | १ | .२ |
| | कागजको झुरा | प्रति के.जी. | २ | .४ |
| | प्लास्टिकको जुत्ता, चप्पल र पुरानो प्लास्टिकको टुक्रा | प्रति के.जी. | ३ | .६ |
| | प्लास्टिकको थैलो,झिल्ली, पोलिथिन इत्यादी | प्रति के.जी. | ३ | .६ |
| | गत्ता | प्रति के.जी. | २ | .४ |
| | टायर | प्रति के.जी. | २ | .४ |
| | टायरको बुराद | प्रति के.जी. | २ | .४ |

अनुसूची ६

(दफा ८ संग सम्बन्धित)

| सि.नं | राजस्वको क्षेत्रहरु | दर रु. |
|---|---|---|
| क) सवारीसाधन अभिलेखीकरण शुल्क | | |
| १. | जिप,लेण्डओभर,कर,इस्टेशन, माईक्रोजिप,बेगन | ७० |

| | | |
|---|---|---|
| २. | बस,ट्रक,लहरी,हे.भि. इक्युमेंट, अन्य हेभी गाडी | १६० |
| ३. | निजि कर | ५० |
| ४. | भाडाका मिनीबस,माईक्रो बस | ५० |
| ५. | ट्रक्टर भाडाका | ७० |
| ६. | ट्रक्टर निजि प्रयोजन | ५० |
| ७. | मोटरसाइकल, स्कुटर | ५० |
| ८. | बिद्यालयको बसहरुको | १०० |
| ख) बार्षिकसवारी व्यवसाय दर्ता तथा नविकरण दस्तुर | | |
| १. | बिधुतीय रिक्शा | ४०० |
| २. | ठेला/रिक्शा | १०० |
| ३. | टेम्पो | ५०० |
| ४. | टाँगा | ३०० |
| नोटः- नगर क्षेत्र भित्र संचालित सवारी साधनहरुलाई न.पा. मा अनिवार्य दर्ता गर्न लगाउने \| | | |

अनुसूची ७

(दफा ९ संग सम्बन्धित)

| सि.नं. | बिज्ञापन कर | दर |
|---|---|---|
| १. | व्यवसायिक दृष्टीकोणले प्रचार प्रसार गर्ने, साईनबोड राख्ने,पोस्टर टास्ने,फिल्मी पोस्टर राख्ने (प्रतिबर्गफुट) | १०० |
| २. | काठ,टिन,दिवालमा (प्रतिबर्गफुट) | ५० |
| ३. | संघ,संस्था पसलको पोस्टरमा (पटके) | ८० |
| नोटः यस सम्बन्धि बिज्ञापन राख्ने स्थानको लागि नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्ने \| | | |

अनुसूची ८

(दफा १० संग सम्बन्धित)

| सि.नं. | मनोरञ्जनको बार्षिक व्यवसाय दर्ता तथा नबिकरण दस्तुर | दर |
|---|---|---|
| १. | अस्थायी लाईसेन्स लिई विडियो पर्दशन ब्यबसाय संचालन | २०० |
| २. | पटके थियटर, नौटंकी, सर्कस | ५०० |
| ३. | चटक देखाउने, औषधी बेच्ने | १०० |
| ४. | अन्य खेल देखाउने | १०० |
| ५. | चलचित्र व्यवसाय | ८०० |

अनुसूची ९

(दफा ११ संग सम्बन्धित)

| **सि.नं.** | **बहाल बटौरी** | **दर** |
|---|---|---|
| १. | महेन्द्रराजमार्ग संग जोडिएको प्रति कट्टा | २० |
| २. | महेन्द्रराजमार्ग संग नजोडिएको सो आश्पाश्को २०० मिटर सम्म बाटो सँग जोडिएको जग्गा प्रति कट्टा | १० |
| ३. | माथि सि.नं. १ र २ मा उल्लेख भए बाहेक ग्रामिण क्षेत्रमा प्रति कट्टा | २ |
| ४. | ग्रामिण क्षेत्र १ बिगाह बडी जग्गा हुने लाई प्रति कट्टा | ३ |

| पटके व्यवसाय कर (दैनिक) | | |
|---|---|---|
| १. | प्रतेक अस्थायी टहरा र फडबाट | १० |
| २. | न.पा.ले तोकेको ठाउमा तक्ता, खाट आदि राखी ठाउँ ओगटी ब्यबसाय गर्नेलाई | १० |
| ३. | तरकारी राखी ठाउँ ओगटी व्यवसाय गर्नेलाई | १५ |
| ४. | ठेलागाडीबाट एक ठाउँ बाट अर्को ठाउँमा सार्न सकिने फलफुलका ठेलाबाट | १५ |
| ५. | तरकारीका ठेलाबाट | १० |
| ६. | इन्जिनद्वारा फलफूलको रस र उखुको रस बेच्ने व्यवसायबाट | १५ |
| ७. | हातले चलाउने मसिनबाट फलफुल र उखुको रस बेच्ने व्यवसाय छाट, बदाम बिक्रि | १५ |
| ८. | डी फ्रिजमा बिशेष आईसक्रिम राखी गरिने व्यवसाय | १५ |
| ९. | कृष्णपुर नगरपालिकाको बजार राजमार्गको छेउ छाउमा रेडीमेट कपडा राखी बिक्रि व्यवसाय | १५ |
| सडक सेवा शुल्क | | |
| १. | ८ घनमिटर माथि प्रति ट्रीप | १२० |
| २. | ८ घनमिटर सम्म प्रति ट्रीप | १०० |
| ३. | ट्रक प्रति ट्रीप | ७० |
| ४. | टयाक्टर प्रति ट्रीप | ५० |
| ५. | बस प्रति ट्रीप | १५० |
| ६. | जिप प्रति ट्रीप | १०० |
| ७. | लोडर/रोलर प्रति ट्रीप | १०० |

## अनुसूची १०

(दफा १२ संग सम्बन्धित)

| सि.नं. | स्वास्थ्य सेवा/ व्यवसाय संग सम्बन्धित संस्था तथा व्यक्तिबाट निम्नानुसार बार्षिक/सेवा दर्ता तथा नबिकरण दस्तुर | दर |
|---|---|---|
| १. | औषधी थोक बिक्रेता | २५०० |
| २. | दन्त चिकित्सालय | १५०० |
| ३. | औषधि बिक्रि पसल/ क्लिनिक | १५०० |
| ४. | चिकित्सक | २००० |
| ५. | पशु चिकित्सक | १५०० |
| ६. | कविराज,बैद्य | १५०० |
| ७. | दन्त चिकित्सक | १५०० |
| ८. | पशु औषधालय पसल | १५०० |

| | | |
|---|---|---|
| ९. | चस्मा बिक्रि पसल | १५०० |
| १०. | नुर्शिंग होम, निजि अस्पताल | ७००० |
| ११. | फिजियो थेरापी | १००० |
| १२. | ल्याब परिक्षण सेवा | २००० |
| १३. | अल्ट्रा साउन्ड एक्सरे सेवा | २००० |
| निजि कानुन व्यवसाय,बिमा,एजेन्ट,इन्जिनियरिङ सेवा लगायतका निम्न व्यवसाय संचालन गर्ने व्यक्ति तथा निकायबाट निम्नानुसाको बार्षिक व्यवसाय दर्ता तथा नबिकरण दस्तुर लिने | | |
| १. | बरिष्ठ व्यवसाय कर | २००० |
| २. | व्यवसाय कर | १५०० |
| ३. | अधिवक्ता | १२०० |
| ४. | अभिकर्ता र लेखनदाश | ७०० |
| ५. | बिमा एजेन्ट व्यवसाय | २००० |
| ६. | अनुसन्धान तथा परामर्शदाता | ३५०० |
| ७. | सिप तथा व्यवसाय प्रवधन सेवा केन्द्र | १२०० |
| ८. | कृषि बिशेषज्ञ | १५०० |
| ९. | वातावरण बिशेषज्ञ | १५०० |
| १०. | आयकर,मु.अ.कर. र लेखा सम्बन्धि सेवा प्रदान गर्ने | १५०० |
| ११. | कम्प्यूटर एनालिस्ट र प्रोग्रामर | २००० |
| १२. | भाषा अनुवादक | २००० |
| १३. | एन्जिनियरीन्ग परामर्श सेवा | ३००० |
| १४. | सर्भेयर | १००० |
| १५. | शेयर दलाल | ३००० |
| १६. | नाटकी पुब्लिक व्यवसाय | २००० |
| म.ले.प.बाट लाईसेन्स प्राप्त अडीटरबाट निम्नानुसार बार्षिक व्यवसाय दर्ता तथा नबिकरण दस्तुर लिने । | | |
| १. | क श्रेणी अडीटर | ५००० |
| २. | ख श्रेणी अडीटर | ३५०० |
| ३. | ग श्रेणी अडीटर | २५०० |
| ४. | घ श्रेणी अडीटर | १५०० |
| समान ढुवानी कम्पनि बाट बार्षिक व्यवसाय रु.५०००/- | | |

| कृषि सेवा व्यवसायमा बार्षिक व्यवसायकर निम्नानुसार लिने | | |
|---|---|---|
| १. | कुखुरा पालन प्रति खोड | ५५० |
| २. | कुखुरा चारा डिलर | १००० |
| ३. | बंगुर पालन | ५५० |
| ४. | व्यवसायिक कृषि उत्पादन (समूह,सहकारी) | ३५० |
| ५. | कृषि तथा बन्यजन्तु बिउ नुर्सरी उत्पादन गर्न | ३५० |
| ६. | माछापालन व्यवसाय | ५५० |
| ७. | पशुपालन व्यवसाय | ८०० |
| ८. | कृषक समूह दर्ता शुल्क | १०० |
| ९. | कृषक समूह नबिकरण शुल्क | ५० |
| १०. | मल,खाद दर्ता प्रमाणपत्र दर्ता /नबिकरण शुल्क (आ.ब. समाप्त भएको पैतिश दिन भित्र नआएमा थप १०० लाग्ने ) | २०० |
| ११. | अन्य सेवाः<br>देहायका अन्य सेवाहरुमा निम्नानुसार बार्षिक व्यवसाय दर्ता तथा नबिकरण दस्तुर लिने | |
| १२. | भन्सार एजेन्ट | २५०० |
| १३. | अडर सुप्लायर्स | १५०० |
| १४. | खसि,बोका लागायत माशु बिक्रि पसलमा | १००० |
| १५. | खसि,बोका लागायत माशु बिक्रि पसलमा (ग्रामिण) | ८०० |
| १६. | पान,बिडी, पसल | ५०० |
| १७. | फलफुल,तरकारी बिक्रि पसल | ६०० |
| १८. | हजाम पसल ठुलो मा ३ सिट भन्दा बढी | १००० |
| १९. | हजाम पसल साना | ६०० |
| २०. | ब्युटी पार्लरमा | ६०० |
| २१. | मसाज र पार्लर पसल | १५०० |
| २२. | मेरिज ब्युरो | २००० |
| २३. | सित भण्डार | ७००० |
| २४. | दुई सिलाई मसिन सम्मको पसल | ६०० |
| २५. | दुई सिलाई मसिन देखि ५ सिलाई मसिन सम्मको पसल | १००० |
| २६. | ५ सिलाई मसिन देखि माथिको पसल | १२०० |

| | | |
|---|---|---|
| २७. | निजि टेलिफोन व्यवसाय | २००० |
| २८. | जिम सेन्टर व्यवसाय | ६०० |
| २९. | कपडा धुने पसल व्यवसाय | ६०० |
| ३०. | ड्राईक्लिन मेसिन सहित भएको कपडा धुने पसल व्यवसाय | १००० |
| ३१. | सुनचाँदी बिक्रि तथा गर गहना बनाउने पसल | २५०० |
| ३२. | सुनचाँदी गहना मात्र बनाउने पसल | १५०० |
| ३३. | कलर ल्याब सहितको फोटो इष्टुडियो | १५०० |
| ३४. | सबै किसिमको सृंगार पसल | १५०० |
| ३५. | चुरा पोते मात्रको सृंगार पसल | ४०० |
| ३६. | साईन बोर्ड बनाउने पेन्टिंग सेवा | ८०० |
| ३७. | फोटोकपि पसल | ६०० |
| ३८. | ग्रिसिंग व्यवसाय | ५०० |
| ३९. | घर जग्गा खरिद बिक्रि व्यवसाय | ५००० |
| ४०. | online सेवा व्यवसाय | १३०० |
| ४१. | game club व्यवसाय | ६०० |
| | शिक्षा सेवा व्यवसायमा बार्षिक निम्नानुसार दस्तुर लिने (संस्थागत) बाहेक \| | |
| १. | निजि क्षेत्रका स्कुल क्याम्पस | १५०० |
| २. | व्यवसायीको सिप विकास सम्बन्धि प्रविधिक शिक्षालय | ३५०० |
| ३. | computer institude | १५०० |
| ४. | Tution,coaching सेवा | १५०० |
| ५. | भाषा प्रशिक्षण | १५०० |
| ६. | शैक्षिक परामर्श सेवा | २००० |
| ७. | बैदेशिक रोजगार परामर्श दाता | २५००० |
| ८. | निजि क्षेत्रमा आधारभूत बिद्यालय | ८०० |
| ९. | निम्नानुसारका निजि शैक्षिक संस्थाहरुको तह थप गर्न निम्नानुसारका दस्तुर लिने | |
| १०. | मोन्टेस्वरी बिद्यालय | ३००० |
| ११. | आधारभूत तह १-५ सम्म | १०००० |
| १२. | आधारभूत तह ६-८ सम्म | १५००० |
| १३. | मा.बि. तह ९-१० सम्म | २०००० |

| | | |
|---|---|---|
| १४. | मा.बि. तह ११-१२ सम्म | २५००० |
| १५. | कक्षा थपका लागि प्रति कक्षा थप दस्तुर रु. ५०००/- | |
| | वित्तीय सेवा संचालन भएका संस्थाहरुबाट निम्नानुशारका बार्षिक दस्तुर लिने । | |
| १. | नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक करोकर गर्ने बैंक | २२००० |
| २. | आर्थिक कारोबार समेत गर्ने बैंक बाहेक वित्तीय कम्पनीहरु | ७००० |
| ३. | बिमा कम्पनी | १२००० |
| ४. | बिदेशी मुद्रा सटही काउन्टर | ७००० |
| ५. | सहकारी बैंक | ३००० |
| ६. | remmitance counter | ७००० |
| | संचार सेवा (बार्षिक) | |
| १. | इमेल इन्टरनेट व्यवसाय | ८०० |
| २. | कुरियर सेवा | ८०० |
| ३. | एस.टी.डी./आई.एस.टी.डी/फ्याक्स सम्बन्धि निजि व्यवसाय | ८०० |
| ४. | एफ.एम./रेडियो | ५००० |
| ५. | केबुल नेट्वोक सेवा संचालन सेवा बाट | १०००० |
| | कृष्णपुर नगरपालिकामा प्रधान कार्यालय भएका निर्माण व्यवसायी(बार्षिक) | |
| १. | क) श्रेणीका रजिस्ट्रड निर्माण व्यवसायी | १०००० |
| २. | ख) श्रेणीका रजिस्ट्रड निर्माण व्यवसायी | ६००० |
| ३. | ग) श्रेणीका रजिस्ट्रड निर्माण व्यवसायी | ५००० |
| ४. | घ) श्रेणीका रजिस्ट्रड निर्माण व्यवसायी | ४००० |
| | अन्य व्यवसायः निम्नानुशारका बार्षिक दस्तुर लिने । | |
| १. | गोलिया काठ खरिद बिक्रि | १०००० |
| २. | ईटा ढुंगा बालुवा गिट्टी जम्मा गरि बिक्रि गर्ने | ५००० |
| ३. | ईटा ढुंगा बालुवा गिट्टी जम्मा गरि बिक्रि गर्ने ब्यबसाय नबिकरण | २५०० |
| ४. | क्रसर उद्योग ब्यबसाय प्रयोजन | २०००० |
| ५. | क्रसर उद्योग आन्तरिक प्रयोजनको लागि | १५००० |
| ६. | रिचार्ज कार्डको थोक पसल | ६०० |
| ७. | बैन्ड बाजा व्यवसाय | ६०० |
| ८. | लाईसेन्स प्राप्त स्थायी चलचित्र हाल | २५०० |

| | | |
|---|---|---|
| ९. | थोत्रा बोरा,रक्सीका टुक्रा,पुराना प्लास्टिक चप्पल, कबाड पसल | ५००० |
| १० | मिनरल वाटर प्लान्ट | १५०० |
| ११. | डेरी फार्म (प्रसोधन बाहेक) | ८०० |
| १२. | कोकाकोला,पेप्सी, फेन्टा, चिसो पेय पदार्थको एजेन्सी | २००० |
| १३. | क्रसर मिल | १२०० |
| १४. | क्रसर मिल डिपो | ८०० |
| १५. | कपडाको थोक व्यवसाय | १५०० |
| १६. | पल हाउस | ८०० |
| १७. | पशु खरिद बिक्रि व्यवसाय | ५००० |
| १८. | टेन्ट हाउस सेवा | २००० |
| १९. | डेरी फार्म (प्रसोधन सहित) | १५०० |
| २०. | अनुमति प्राप्त जनावरका हाड सिङ्गो व्यवसाय | २००० |
| २१. | अल्ट्रा एसिड डीस्टील वाटर उत्पादन | १००० |
| २२. | डेरी फार्म | १५०० |
| २३. | चुनढुंगा उद्योग | ५००० |
| २४. | चुनढुंगा उद्योग दर्ता सिफारिस | २५०० |
| २५. | पशुपन्छीपालन व्यवसाय दर्ता | ५०० |
| २६. | गैर सरकारी संस्था दर्ता/नबिकरण | ५०० |
| २७. | सहकारी दर्ता (सबै) | २५०० |
| बिशेष परामर्श तथा सामाजिक परिचालन सम्बन्धि संस्था,व्यवसाय सेवामा कर निम्नानुसार लिने । | | |
| १. | रु. २० लाख सम्मको व्यवसाय | २५०० |
| २. | रु १ करोड सम्मको व्यवसाय | ३५०० |
| ३. | रु १ करोड भन्दा माथि सम्मको व्यवसाय | ४५०० |
| सम्पत्ति/जग्गाको मुल्यांकन सिफारिश दस्तुर निम्नानुसार लिने । | | |
| १. | घर/जग्गाको मुल्यांकन करको दर रु. ५ पैशा (प्रति हजारमा) (विद्यार्थीहरुलाई अध्ययनको लागि विदेश जादा सम्पत्ति मुल्यांकन दस्तुरको ५०% छुट दिईनेछ ।) | |
| २. | आय प्रमाणित वित्तीय संस्था | १००० |
| आय प्रमाणीत शुल्क | | |

| | |
|---|---|
| १. | एक लाख रुपया सम्मको आय प्रमाणित गराउनु पर्ने भएमा प्रति लाखमा रू ५०/- (पचास) का दरले शुल्क लिईने छ र बिस लाख भन्दा माथिको आय प्रमाणित गराउनु पर्नेमा अधिक्तम रु १०००/- (एक हजार) हुनेछ । |

अनुसूची ११

(दफा १३ संग सम्बन्धित)

ब्यबसाय इजाजत पत्र :

"घ" बर्गको निर्माण व्यवसायीको इजाजत पत्रको दस्तुर निम्नानुसार हुने छ ।

| सि.नं. | निर्माण व्यवसायीको वर्ग | इजाजत दस्तुर | इजाजत पत्रको नबिकरण दस्तुर (अशोज मसान्त सम्म) | इजाजत पत्रको नबिकरण दस्तुर (चैत्र मसान्त सम्म) | इजाजत पत्र प्रतिलिपि दस्तुर | हकवालाको नाममा नामसारी | हकवाला बाहेकको नाममा नामसारी | खारेज शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| १. | "घ" | २५००० | २५०० | ५००० | ५०० | ३००० | ७००० | २५०० |

अनुसूची १२

(दफा १४ संग सम्बन्धित)

कृष्णपुर नगरपालिकाको विभिन्न क्षेत्रमा मुक्त कामैया र मुक्त हलियाहरुको हकमा सम्पत्ति कर र भूमिकर (मालपोत) मिनाह गरिने छ ।

अनुसूची १३

(दफा १५ संग सम्बन्धित)

| सि.नं. | विवरण | दर/प्रति घनमिटर |
|---|---|---|
| १. | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदिको बिक्रि | प्रदेश आर्थिक ऐन अनुसार |
| २. | माटो | |

अनुसूची १४

(दफा १६ संग सम्बन्धित)

कृष्णपुर नगरपालिको स्वमित्त्मा रहेको मेसिनरी उपकर्नाहरुको प्रयोग सम्बन्धमा देहाय बमोजिम गर्ने ।

१. ब्याक हो लोडर रु २७००/- (प्रति घण्टा) (परि आएमा रु २०००/- सम्मको मर्मत सम्भार समेत)
२. टिप्पर रु. ७५००/- (प्रति दिन) (परि आएमा रु १०००/- सम्मको मर्मत सम्भार समेत)
३. ट्याक्टर रु. ३०००/- (प्रति दिन) (परि आएमा रु १०००/- सम्मको मर्मत सम्भार समेत)

नोटः नगरपालिका संग सम्झौता गरि (ठेक्का बाहेक ) कार्यन्वयन गरिने योजनाको हकमा उपरोक्त दरमा २०% छुट पर्दान गर्ने ।

एम्बुलेन्स सेवा शुल्क तथा दर- रेटहरु

| सि.नं. | सुरु स्थान | गन्तब्य | दर रेट रु. |
|---|---|---|---|
| १. | कृष्णपुर नगरपालिका | अत्तरिया | ५०० |
| २. | कृष्णपुर नगरपालिका | धनगढी | १२०० |

| | | | |
|---|---|---|---|
| ३. | कृष्णपुर नगरपालिका | महेन्द्रनगर | १३०० |
| ४. | कृष्णपुर नगरपालिका | बनबासा | १७०० |
| ५. | कृष्णपुर नगरपालिका | टनकपुर | २००० |
| ६. | कृष्णपुर नगरपालिका | पलिया | २१०० |
| ७. | कृष्णपुर नगरपालिका | खटिमा | २२०० |
| ८. | कृष्णपुर नगरपालिका | पोलिजंग | २८०० |
| ९. | कृष्णपुर नगरपालिका | डोटी,गैरा | ३५०० |
| १०. | कृष्णपुर नगरपालिका | सितारगंज | ३४०० |
| ११. | कृष्णपुर नगरपालिका | पिलिभित | ३७०० |
| १२. | कृष्णपुर नगरपालिका | डडेल्धुरा | ४७०० |
| १३. | कृष्णपुर नगरपालिका | लखिमपुर | ४८०० |
| १४. | कृष्णपुर नगरपालिका | कोहलपुर | ६३०० |
| १५. | कृष्णपुर नगरपालिका | नेपालगन्ज | ६५०० |
| १६. | कृष्णपुर नगरपालिका | बरेली | ६५०० |
| १७. | कृष्णपुर नगरपालिका | डोटी,सिलगढी | ६८०० |
| १८. | कृष्णपुर नगरपालिका | लखनउ | ११००० |
| १९. | कृष्णपुर नगरपालिका | बुटवल | १५००० |
| २०. | कृष्णपुर नगरपालिका | दिल्ली | १५००० |
| २१. | कृष्णपुर नगरपालिका | भैरहवा | १५५०० |
| २२. | कृष्णपुर नगरपालिका | पाल्पा | १६००० |
| २३. | कृष्णपुर नगरपालिका | भरतपुर | १८००० |
| २४. | कृष्णपुर नगरपालिका | काठमाडौं | २३००० |

शुल्क तथा दस्तुर सम्बन्धि थप व्यवस्था

१. दुरीको हकमा एम्बुलेन्स लिएको स्थान देखि गन्तव्य सम्मको दुरी कायम गरिनेछ ।

२. यस अनुसूचीमा तोकिएका स्थान बाहेकमा सेवा लिनु परेमा ५ कि.मि. सम्म नुन्यतम रु ५००/- र त्यस बाहेकको गन्तव्यको हकमा प्रति कि.मि. रु. ३५/- को दरले शुल्क लाग्नेछ । साथै १०० कि.मि. भन्दा माथि भए रू. २००/-,
२०० कि.मि. भन्दा माथि भए रु. ५००/- र ५०० कि.मि. भन्दा माथि भए रू. १०००/- थप शुल्क लिईनेछ । एबं बाटोमा लाग्ने करहरु सेवा लिने व्यक्तिले नै व्यहोर्नु पर्नेछ ।

**नोटः सुत्केरी महिला, वृद्ध, पूर्ण अपांगता भएका व्यक्तिहरुको हकमा माथि उल्लेख उल्लेख शुल्क तथा दस्तुर लाग्ने छैन ।**

**ठेक्का बन्दोबस्तको दर रेट**

| सि.नं. | ठेक्का शिर्षकको नाम | यथार्थ कबोल अंक रु. (भ्याट बाहेक आ.ब.२०७८/०७९) | यथार्थ कबोल अंक रु. (भ्याट बाहेक आ.ब.२०७९/०८०) | अनुमानित न्युनतम अंक रु. (भ्याट बाहेक आ.ब.२०८०/०८१) |
|---|---|---|---|---|
| १. | बिज्ञापन कर | ४७१११/- | ५२६००/- | १०००००/- |
| २. | सडक सेवा शुल्क | १९७५०००/- | २०१००००/- | २०५००००/- |

| | | | | |
|---|---|---|---|---|
| ३. | कबाडी तथा जिबजन्तु कर | १५५१०००/- | १५९००००/- | १९०८०००/- |
| ४. | पटके व्यवसाय | ० | ० | ३००००/- |
| ५. | नदिजन्य पदार्थ संकलन | २६२५१००१/- | २४८०००००/- | IEE report र प्रदेश रेट बमोजिम |

- आ.ब. २०८०-०८१ मा नगरपालिकको ब्यापारिक सटरको मासिक भाडा दर न्युनतम प्रति स्तर रु. ३०००/- (बढाबढ गरि दिनु पर्ने)
- आ.ब. २०८०-०८१ मा नगरपालिकाको सभा—हल भाडा दर रु. २०००/- कायम गरिएको छ ।
- उपरोक्त बमोजिम करका शिर्षकहरु मध्ये छुट भएका शिर्षकहरुको दर- रेट नगर कार्यपालिकाले तोके बमोजिम हुने छ ।
- कुनै पनि व्यवसायी वा वित्तीय संघ/संस्थाहरुले यस ऐन बमोजिम उल्लेखित कर तथा दस्तुर समयमा तिर्न नआएको खण्डमा बार्षिक रकमको प्रति बर्ष ८ % प्रतिशतका दरले थप दस्तुर लिने ।
- नगरपालिकाले अनुमति दिन मिल्ने स्वास्थ्य संस्थाको हकमा लाग्ने राजश्व स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति तथा मापदण्ड सम्बन्धी निर्देशिका,२०७० बमोजिम हुनेछ ।

**सामुदायिक बनबाट आय प्राप्त गर्नेः**

सामुदायिक बन उपभोक्ता समितिले बन पैदावार बिक्रि तथा उपयोग सम्बन्धि आफ्नो बार्षिक कार्ययोजना नगरपालीकाबाट स्वीकृत बन पैदावारको बिक्रि बफत प्रप्त हुने रकमको १०% रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने ।

- बिक्रिको ( दबुक दहत्तर बहत्तर ५५) ले हुने छ ।
- बन पैदावार निकाशी गर्दा प्रति क्विन्टल रू. १.२५/-

नोटः सामुदायिक बनबाट प्राप्त आय सम्बन्धि आ.ब.२०८०/०८१ मा माथि उल्लेख भए अनुरुपनै हुने छ ।

-कक्षा ८ को प्रमाण-पत्र (ग्रेड सिट) प्रतिलिपि दस्तुर रु. १००/-